Rupantaran: A Multidisciplinary Journal
Vol. X: PP 113-125, May, 2026
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v10i01.94575
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# बहुभाषिक कक्षामा नेपाली भाषाशिक्षण गर्दा अपनाइने कक्षाकोठा व्यवस्थापन

**मीनप्रसाद अधिकारी**[१]
Email : *adhikarimin010@gmail.com*

## सार

यस लेखमा बहुभाषिक कक्षाकोठामा नेपाली भाषाशिक्षण गर्दा आवश्यक पर्ने कक्षाकोठा व्यवस्थापनका सिद्धान्त, अभ्यास तथा चुनौतीहरूको समग्र विश्लेषण गरिएको छ । अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक विधिमा आधारित रहेको छ र द्वितीयक स्रोतहरू जस्तै पुस्तक, अनुसन्धान लेख, जर्नल तथा सम्बन्धित सैद्धान्तिक कृतिहरूको समीक्षामार्फत आवश्यक सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई व्यवहारवादी र निर्माणवादी दृष्टिकोणलाई आधार मानी सैद्धान्तिक ढङ्गले विश्लेषण गरिएको छ, जसले बहुभाषिक कक्षाको व्यवस्थापनलाई फराकिलो सन्दर्भमा बुझ्न सहयोग पुर्याउँछ । अध्ययनले देखाउँछ कि कक्षाकोठा व्यवस्थापनको उद्देश्य केवल शान्त, अनुशासित र व्यवस्थित वातावरण सिर्जना गर्नु मात्र नभई प्रभावकारी शिक्षण–सिकाइ सुनिश्चित गर्नु र विद्यार्थीहरूको सामाजिक तथा नैतिक विकासलाई प्रवर्द्धन गर्नु पनि हो । प्रारम्भिक रूपमा व्यवहारवादी दृष्टिकोणले विद्यार्थीको व्यवहार नियन्त्रण र अनुशासनमा जोड दिएको पाइन्छ भने समसामयिक सन्दर्भमा बहुभाषिक कक्षालाई सामाजिक प्रणालीका रूपमा बुझ्दै समावेशी, सहभागी र विद्यार्थी–केन्द्रित व्यवस्थापनलाई प्राथमिकता दिइएको छ । समीक्षाबाट शिक्षकको आत्मबोध, कक्षामा देखाइने व्यवहार, स्पष्ट निर्देशन दिने क्षमता, बहुसांस्कृतिक संवेदनशीलता, विद्यार्थीहरूसँगको सम्बन्ध निर्माण, नियमको स्पष्टता, प्रतिबद्धता तथा पारिस्थितिजन्य अवस्थाहरू कक्षाकोठा व्यवस्थापनका प्रमुख प्रभावकारी तत्वहरूका रूपमा पहिचान भएका छन् । बहुभाषिक सन्दर्भमा विद्यार्थीहरूको भाषिक विविधतालाई सम्मान गर्दै उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु प्रभावकारी

---

[१] लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली शिक्षा विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

व्यवस्थापनको आधारभूत शर्तका रूपमा देखिन्छ। बहुभाषिक कक्षामा प्रभावकारी नेपाली भाषाशिक्षणका लागि शिक्षकले अनुशासनमुखी अभ्याससँगै निर्माणवादी, समावेशी र सन्दर्भअनुकूल व्यवस्थापन रणनीति अपनाउनु अपरिहार्य रहेको देखिन्छ।

*शब्दकुञ्जी* **:** कक्षाकोठा, बहुभाषिक, विद्यार्थी, व्यवस्थापन र शिक्षण सिकाइ।

## परिचय

बहुभाषिकता भनेको सञ्चारको आवश्यकता पूरा गर्न दुईभन्दा बढी भाषाको प्रयोग गर्ने प्रक्रिया हो। बहुभाषिक भन्ने शब्द प्रायः त्यस्ता व्यक्ति, व्यक्तिहरूको समूह वा समुदायलाई वर्णन गर्न प्रयोग गरिन्छ जसले केही स्तरको दक्षताका साथ धेरै वा अनेक भाषा बोल्न र बुझ्न सक्छन्। ब्लुमफिल्ड (१९३३, पृ. ५६) ले बहुभाषिकता वा द्विभाषिकतालाई "दुई वा बढी भाषामा मातृभाषाजस्तै नियन्त्रण" भनेर परिभाषित गरेका छन्। त्यस्तै, ब्राउन (१९३७, पृ. ११५) का अनुसार, बहुभाषिकतामा "दुई वा बढी भाषामा सक्रिय, पूर्ण र समान दक्षता" हुनुपर्छ। यसैगरी, काउन्सिल अफ युरोप (सन् २००७, पृ. १७) ले "बहुभाषिकता भनेको समाज, संस्था, समूह र व्यक्तिहरूले आफ्नो दैनन्दिन जीवनमा एकभन्दा बढी भाषासँग नियमित रूपमा संलग्न हुने क्षमता हो" भनेर व्याख्या गरेको छ। त्यस्तै, ह्वागनका अनुसार द्विभाषिक वा बहुभाषिक पाठहरूले अन्य भाषामा पूर्ण र अर्थपूर्ण वाक्यहरू उत्पादन गर्न सक्छन्। टोडेभा र सेन्जो (२००९) का अनुसार, बहुभाषिकता यो क्षेत्रमा प्रगतिका लागि सबैभन्दा आशाजनक कदमको रूपमा देखिन्छ।

भाषा सञ्चारको एउटा माध्यम हो; यसले कुनै मानव समुदायका विभिन्न पहिचानहरू बोकेको हुन्छ र यो प्रत्येक संस्कृतिको आधार हो। भाषा विशेष संस्कृतिहरूका अमूर्त विचार, दृष्टिकोण, अवधारणा र मतहरू प्रसार र अभिव्यक्त गर्न माध्यमको रूपमा कार्य गर्छ। भाषा कुनै संस्कृतिलाई आकार दिन र अन्य संस्कृतिबाट फरक पार्ने प्रमुख घटक हो। भाषा सामाजिक, सांस्कृतिक र भौगोलिक परिघटना हो किनकि भाषा संस्कृतिद्वारा निर्धारित हुन्छ। बहुभाषिकता वा द्विभाषिकता जीवनयापनको एउटा तरिका हो, किनभने बहुभाषिक शिक्षामा पहुँच हुनु मानव संस्कृतिहरूमा पाइने विविधतालाई जान्ने अवसर हो। यसको अर्थ, बहुभाषिकताले विभिन्न संस्कृतिहरू र जातीयताहरूको बारेमा सिक्ने अवसर प्रदान गर्छ, र त्यसपछि शिक्षामा रहेको यो विविधताले व्यक्तिलाई थप शक्ति र आत्मविश्वास दिन्छ। साथै, बहुभाषिक शिक्षाले कुनै व्यक्तिले धेरै द्वितीय भाषा सिक्दा उसको कार्य स्मरणशक्ति सुधार गर्न मद्दत गर्दछ। यस्तो सुधारले नयाँ श्रव्य उत्तेजना, विचार, अवधारणा र वास्तविक जीवनका अनुभवहरूसँग सम्पर्क हुँदा सूचनाप्रक्रिया गर्ने क्षमतालाई अझ सुदृढ बनाउँछ। युरोपियन कमिसन (२०१५, पृ. ८२) अनुसार, बहुभाषिक शिक्षाले अध्यापन र सिकाइको माध्यमबाट सांस्कृतिक चेतना र विविधताको मूल्याङ्कनका लागि ठूलो अवसर प्रदान गर्दछ।

शिक्षण भनेको ज्ञान र अनुभवको संगठित साझेदारी हो, जसले प्रायः एउटा व्यक्ति वा साधनद्वारा अर्को व्यक्तिको मानसिक र बौद्धिक विकासका लागि प्रोत्साहन प्रदान गर्छ । यो शिक्षकको काम वा पेशा हो । शिक्षक वा व्यक्तिद्वारा सिकाइने विचार र विश्वासहरू शिक्षणअन्तर्गत पर्छन् । यसमा शैक्षिक वातावरणमा शिक्षक र विद्यार्थी दुवैद्वारा विभिन्न अवधारणा र सिपहरू हासिल गर्ने कार्य समावेश हुन्छ । इन्जेरसल र डेविड (सन् १९८६, पृ. १०६) का अनुसार, शिक्षण भनेको व्यावसायिक विकासमार्फत प्राप्त गरिने ज्ञान र सिप हो । त्यस्तै, डुक (सन् १९८४, पृ. २५) का अनुसार, शिक्षण एउटा व्यावसायिक कार्य हो जसमा जिम्मेवारी ठूलो हुन्छ । त्यसमा पनि विभिन्न मातृभाषाका शिक्षार्थीको उपस्थिति रहेको कक्षामा नेपाली भाषाशिक्षण गर्दा विशेष ख्याल गर्नु पर्दछ ।

डोयल (१९८६) का अनुसार कक्षाकोठा व्यवस्थापनका दुई उद्देश्य हुन्छन् । पहिलो उद्देश्य भनेको कक्षामा शान्त र व्यवस्थित वातावरण स्थापना गर्नु हो, जसले गर्दा विद्यार्थीहरूले विषयसँग सम्बन्धित सार्थक सिकाइमा सहभागी हुन सकून् । दोस्रो उद्देश्य भनेको कक्षाकोठाको व्यवस्थापनले विद्यार्थीहरूको सामाजिक र नैतिक विकासमा योगदान पु¥याउनु हो, जसको अर्थ विद्यार्थीहरूको शैक्षिक तथा सामाजिक दुवै पक्षको विकास गर्नु हो । अमेरिकी अनुसन्धानकर्ता स्ट्रोङ्ग आदिले (२०११) उल्लेख गरेअनुसार शिक्षकहरूले विद्यार्थीको सिकाइमा ठूलो प्रभाव पार्ने गर्दछन् । उनीहरूको अध्ययनको प्रारम्भिक प्रश्न नै "कस्तो शिक्षक 'उत्तम' हुन्छ?" भन्ने हो । यस अध्ययनका निष्कर्षहरूले शिक्षकको अध्यापनलाई विद्यार्थीको सिकाइसँग सम्बन्धित गरिएको देखाएको छ । यसका साथै यसको निष्कर्षमा शिक्षकले कक्षालाई कसरी व्यवस्थापन गर्छन्, शिक्षकको व्यक्तिगत गुणहरू र विद्यार्थीहरूसँगको सम्बन्ध, विद्यालयमा सिकाइको कार्यमा सबैभन्दा महत्वपूर्ण कारक रहेका साथै विद्यालय सुधार र विद्यार्थीको सफलता सुनिश्चित गर्ने प्रमुख कारक शिक्षक नै हो भन्ने रहेको छ । यसलाई अन्य धैरै अनुसन्धानहरूले समेत समर्थन गरेका छन् (नर्वेन्बो र अन्य, सन् २००८ र हत्ताइ, सन् २००९) । धैरै अध्ययनहरूले उत्तम शिक्षक नभएका वा नपाढाएका विद्यार्थीका तुलनामा कक्षामा शिक्षकले राम्रो नियन्त्रण राखेका र विद्यार्थीप्रति माया, चासो र हेरचाह देखाएका विद्यार्थीहरूका संज्ञानात्मक उपलब्धि उच्च हुने मात्र नभई विषयप्रति सकारात्मक दृष्टिकोण पनि हुने सम्भावना बढी हुन्छ भन्ने कुरालाई अगाडि सारेका छन् (ब्रेकल्मान्स र अन्य, सन् २००० र ब्रोक र अन्य, सन् २००४) ।

कक्षाकोठाको व्यवस्थापनसँगै शिक्षकले आफ्नो काममा सहजता महसुस गरेका हुन्छन् । कक्षाकोठाको वातावरणका कारणले कतिपय शिक्षकहरूले कक्षा शिक्षण तथा विद्यार्थीसँगको व्यवहारमा पनि प्रभाव पर्ने दखिन्छ । फ्रिडम्यान (सन् २००६) का अनुसार शिक्षकहरूले अनुभव गर्ने सबैभन्दा ठूलो निराशा भनको उनीहरू आफ्ना विद्यार्थीहरूसँग पर्याप्त राम्रो सम्बन्ध विकास गर्न असमर्थ हुनु हो जसको

कारणले गर्दा पेसाप्रति नै निराशा उत्पन्न हुने र पेसागत थकान उत्पन्न हुन सक्छ । शिक्षकको आदर्श वा मूल्यअनुसार कार्य सम्पन्न गर्नका लागि कक्षाकोठाको व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैले कक्षाकोठाको व्यवस्थापन शिक्षक तालिम दिनेहरू वा शिक्षकहरूका लागि अत्यन्त महत्वपूर्ण र जीवन्त विषय हो । यस लेखमा पनि बहुभाषिक कक्षामा कक्षाकोठाको व्यवस्थापनका सन्दर्भमा कस्तो विचार अगाडि आएको छ भन्ने अनुसन्धान प्रश्नको समाधान गर्ने प्रयास गरिएको छ । यसका साथै नवीन सोच अनुसार बहुभाषिक कक्षाको व्यवस्थापन भनेको एक सामाजिक प्रणालीको रूपमा स्थापित कुरा हो भन्ने कुरालाई उजागर गरिएको छ । यस अध्ययनको उद्देश्य बहुभाषिक कक्षाकोठामा देखापर्ने समस्या र चुनौतीहरू पत्ता लगाउनुमा केन्द्रित छ । साथै, यसले बहुभाषिक विद्यार्थीहरू भएको कक्षामा शिक्षकहरूले प्रयोग गर्ने समस्या समाधानका लागि कक्षाकोठा व्यवस्थापनका तरिकाहरू पनि पहिचान गर्न प्रयास गर्दछ । यो अनुसन्धान शिक्षक, विद्यार्थी, पाठ्यक्रम निर्माणकर्ता र विद्वानहरूका लागि फलदायी छ । विशेषगरी, बहुभाषिक कक्षाकोठा व्यवस्थापनको क्षेत्रमा अनुसन्धान गर्न इच्छुक नेपाली भाषा शिक्षकहरूलाई यसले आवश्यक दृष्टिकोण प्रदान गर्दछ र विभिन्न कक्षाकोठा व्यवस्थापनका तरिकाहरू प्रयोग गरेर समस्या समाधान गर्न सहयोग  पुर्याउँछ । यो अध्ययन फरक–फरक भाषिक पृष्ठभूमिका विद्यार्थीहरूका लागि पनि उपयोगी छ । यस अध्ययनले पाठ्यपुस्तक लेखक, तालिमदाता, भाषा विज्ञ, नयाँ शिक्षक, अनुभवी शिक्षक, भाषा योजनाकार र अन्य सरोकारवाला निकायका लागि पनि समान रूपमा महत्त्व राख्छ । साथै, यसले यस्तै क्षेत्रमा अध्ययन अनुसन्धान गर्न इच्छुक जो कोहीलाई पनि थप अध्ययनको बाटो खुला गर्नेछ ।

## विधि र सामग्री

यो अनुसन्धानमूलक लेख वर्णनात्मक विधिमा आधारित छ । यस अध्ययनले कक्षाकोठा व्यवस्थापनका क्षेत्रमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्य राखेको छ र कक्षाकोठा व्यवस्थापनप्रति चासो राख्ने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि उपयोगी सामग्रीका रूपमा काम गर्दछ । यस अध्ययनका लागि आवश्यक सामग्रीहरू मुख्यतः द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। पुस्तक, अनुसन्धान लेख, जर्नल, तथा कक्षाकोठा व्यवस्थापनसम्बन्धी विद्यमान सिद्धान्तहरू यस अध्ययनका प्रमुख सामग्री हुन् । विशेष गरी बहुभाषिक कक्षाकोठा व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका प्रकाशित कृतिहरूलाई आधार बनाइएको छ । यस अध्ययनका स्रोतहरूमा (क्रेइस्लर एन्ड मुस्, २००८) द्वारा प्रस्तुत कक्षाकोठा व्यवस्थापनसम्बन्धी मोडल, गार्सिया (२०११) को बहुभाषिकता सम्बन्धी दृष्टिकोण तथा व्यवहारवादी र निर्माणवादी शिक्षण सिद्धान्तहरू प्रमुख रूपमा समावेश छन् । विश्लेषणका लागि सैद्धान्तिक विश्लेषणको ढाँचा अपनाइएको छ। विशेषतः व्यवहारवादी र निर्माणवादी दृष्टिकोणलाई आधार मानी कक्षाकोठा व्यवस्थापनका अवधारणाहरूको व्याख्या गरिएको छ । प्रारम्भमा

व्यवहारवादी दृष्टिकोणअनुसार विद्यार्थीको अनुशासन र व्यवहार नियन्त्रणमा केन्द्रित परम्परागत अभ्यासहरूको चर्चा गरिएको छ भने त्यसपछि निर्माणवादी दृष्टिकोणअनुसार कक्षालाई सामाजिक प्रणालीका रूपमा बुझ्ने समसामयिक अवधारणाको विश्लेषण गरिएको छ। यसै सन्दर्भमा बहुभाषिक कक्षामा व्यवस्थापनलाई समावेशी, सहभागी र सामाजिक न्याय उन्मुख अभ्यासका रूपमा व्याख्या गरिएको छ। गार्सिया (२०११) का अनुसार बहुभाषिकतालाई स्वीकार गर्दा भाषा बीचको शक्ति असमानता कम गर्न सकिन्छ र अल्पसंख्यक भाषाका विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा सक्रिय सहभागिता गराउन सकिन्छ। यसले भाषिक समानता, समावेशिता तथा स्थानीय भाषाको संरक्षणमा समेत सकारात्मक योगदान पुर्याउँछ।

## परिणाम र छलफल

### बहुभाषिकताको परिचय

नेपालको संविधान २०७२ को पृष्ठ २ मा 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषायुक्त भौगोलिक विविधता रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनताको समष्टिमा राष्ट्र हो।' भन्ने कुरा उल्लेख छ। त्यसैगरी सोही पृष्ठमा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भनिएको छ। धारा ३१ नियम (५) मा 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ' भन्ने कुरा उल्लेख छ। यसरी नेपालको संविधानले नै बहुभाषिताको कल्पना वा पालना गरेको देखिन्छ।

एकभन्दा बढी भाषाको उपस्थिति जसलाई बहुभाषा भनिन्छ (रिमाल, २०७४)। कुनै पनि नेपाली समाजमा एक भाषा मात्रै उपयोग हुने कुरा सम्भव छैन। प्रत्येक समाजमा एकभन्दा बढी भाषाहरू प्रयोगमा रहेका हुन्छन् र प्रत्येक भाषाका कमै भए पनि वक्ताहरू रहन्छन्। त्यसैले प्रायः समाजमा बहुभाषिकताको स्थिति देखिन्छ। व्यक्तिको पेशा, पद, कार्य र सङ्गतका कारण बहुभाषिकताको स्थिति जन्मन जान्छ। जीवनको प्रारम्भिक चरणमा व्यक्तिले मातृभाषामा निपुणता प्राप्त गर्दछ भने जीवनमा विभिन्न आवश्यकता र प्रयोजनले मानिसले अन्य भाषाहरू पनि सिक्नु पर्ने हुन्छ (ओझा, २०८१)। बहुभाषिकता समाजमा पाइने भाषिक व्यवहार हो। साथै यसलाई दुई वा सोभन्दा बढी भाषाको प्रयोग गर्ने क्षमताका रूपमा पनि लिइन्छ। समाजमा व्यक्ति मात्र नभई समुदाय नै द्विभाषिक वा बहुभाषिक हुन सक्छन् (अधिकारी, २०५६)। कतिपय व्यक्तिहरू आफ्नो व्यक्तिगत आवश्यकताले गर्दा मातृभाषाबाहेक अन्य भाषाको प्रयोग गर्न पुग्दछन्। यस्तो व्यक्तिगत द्विभाषिकता हुन्छ तर यो अस्थिर प्रकृतिको हुन्छ। समुदाय नै बहुभाषिक हुने स्थिति चाहिँ प्रायः

सहज र स्थिर मानिन्छ। समुदायगत बहुभाषिकतो आपसी सम्पर्कको सञ्जाल परिवार, समुदाय, देश वा देशबाहिर समेत बनाउन सक्छ। पछिल्ला अध्ययनहरूले एकभाषिकहरूभन्दा बहुभाषिकहरूको बौद्धिक क्षमता माथि हुने कुरा पनि देखाएका छन् (अधिकारी, २०५६)।

## बहुभाषिक कक्षामा अध्यापन गर्दा देखापर्ने समस्या

बहुभाषिक कक्षा भनेको यस्तो कक्षाकोठा हो जहाँ विद्यार्थीहरूसँग एउटाभन्दा बढी भाषाको ज्ञान हुन्छ,। यस्ता कक्षाहरूको व्यवस्थापन सजिलो हुँदैन। भाषिक विविधता र विभिन्न स्तरका विद्यार्थीहरूको शब्दसामथ्र्य आदिका कारण शिक्षकहरूले बहुभाषिक कक्षाकोठा सञ्चालन गर्दा धेरै समस्याहरूको सामना गर्नुपर्छ। संसारमा धेरै भाषाहरू छन्, जसमा नेपाली भाषा पनि शिक्षण सिकाइकमा सबैभन्दा व्यापक रूपमा प्रयोग हुने भाषा हो। त्यसैले, बहुभाषिक कक्षामा नेपाली शिक्षण सजिलो काम होइन। चाहे शिक्षक विशेषज्ञ हुन् या नवप्रवेशी, विद्यार्थीहरूको आवश्यकता र रुचिअनुसार बहुभाषिक कक्षाकोठा व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुन्छ। नेपाल भाषिक, सांस्कृतिक, धार्मिक र जातीय रूपमा अत्यन्तै विविधता भएका देश हो जहाँ विद्यार्थीहरू फरक–फरक सांस्कृतिक, पारिवारिक र भाषिक पृष्ठभूमिबाट आउने गर्छन्। अर्कोतर्फ, हाम्रो देशका विद्यालय तहका अधिकांश नेपाली शिक्षण कक्षाहरू मिश्रित क्षमताका समूहहरू हुन्छन्, जसले उनीहरूको सञ्चारकुशलताको हिसाबले धेरै महत्व राख्छ। त्यसैले, विद्यार्थीहरूको भाषिक पृष्ठभूमिले कक्षालाई स्वभावगत रूपमा बहुभाषिक बनाउँछ। कहिलेकाहीं कक्षाकोठा व्यवस्थापनमा शिक्षकहरूको सहभागितामा समन्वय नहुँदा प्रभावकारी सिकाइमा समस्या देखिन सक्छ। त्यसकारण, यस्ता बहुभाषिक सिकाइको अवस्थामै नेपाली सिकाउन निकै कठिनाइहरू हुन्छन् र शिक्षण–सिकाइ प्रक्रियामा केही समस्या र चुनौतीहरू उठ्छन्। यस अवस्थालाई व्यवस्थापन गर्न नेपाली शिक्षकहरूलाई जातीयता, जाति, भाषा, शिक्षकहरूको समन्वयजस्ता संवेदनशील विषयहरूमा बढी तालिम प्राप्त र सूचित हुन आवश्यक हुन्छ। नत्र, यस्ता विषयले फरक–फरक भाषिक पृष्ठभूमि र संस्कृतिका विद्यार्थीहरूबीच समस्या सिर्जना गर्न सक्छ।

## बहुभाषिक कक्षाकोठा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिहरू

प्रविधि भनेको सामग्रीलाई समग्र रूपमा तयार गर्न मार्गनिर्देशन हो। यो त्यस्तो विधि हो जुन व्यक्तिगत कार्यस्थितिमा, समूहगत कार्यमा, वा शिक्षकले कुनै कुरा प्रदर्शन गर्ने माध्यमको रूपमा प्रयोग गर्न सकिन्छ। यो कुनै काम गर्ने व्यवस्थित तरिका हो जसमा चरणहरूको सुव्यवस्थित र तार्किक संयोजन हुन्छ। यो प्रक्रियामुखी हुन्छ र निश्चित गतिविधिहरू पूरा गर्न प्रयोग गरिने स्पष्ट रूपमा परिभाषित प्रक्रिया हो। शिक्षकहरूले बहुभाषिक कक्षाकोठामा विभिन्न शिक्षण प्रविधिहरू प्रयोग गरेका छन्, जस्तै समूहगत कार्य, जोडीगत कार्य, भूमिकानाटक, विद्यार्थीहरूसँग सुमधुर सम्बन्ध राख्नु, निर्देशन दिनु, आसनको व्यवस्था गर्नु

आदि । यसरी, बहुभाषिक कक्षाकोठा व्यवस्थापनमा प्रयोग हुने प्रविधिहरू पत्ता लगाउने उद्देश्य रहेको छ । विश्वव्यापीकरणका कारण भाषाको प्रचार, विस्तार र विकासमा प्रभाव पारेको कुरा मायर (सन् १९९९) ले चर्चा गरका छन् । औद्योगिकीकरण, सहरीकरण र श्रव्यदृश्यका प्रविधि विस्तारले लेख्य परम्परा नभएका भाषाहरूमा समेत प्रभाव पारेको छ । भाषाको जति बढी प्रयोग हुन्छ त्यति नै सरलतातिर उन्मुख हुने गुण रहन्छ र भाषामा वक्ताको सङ्ख्या बृद्धि हुँदै जान्छ । सामाजिक एकताका लागि भाषाले सचेतकको काम गर्दछ ।

वर्तमान युग सूचना र प्रविधिको युग हो । सूचनाको सङ्कलन, त्यसको व्यवस्थापनले शिक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । सूचनाको सङ्कलन, सम्प्रेषण, सञ्चरण गर्ने पत्रपत्रिका, कम्प्युटर हार्डवेयर ,सफ्टवेयर नेटवर्क, इन्टरनेटको उपयोग लगायतका प्रविधिको समष्टिगत रूप नै  प्रविधि हो । प्रविधि आजको शिक्षा प्रणालीमा महत्वपूर्ण अवयवका रूपमा रही आएको छ । कक्षाकोठामा सूचना तथा प्रविधिको उपयोगले परम्परागत शिक्षणलाई विस्थापित गर्दै शिक्षणमा नयाँ अवधारणाको सुरुवात गराउनुका साथै शिक्षक तथा शिक्षाार्थीमा सिकाइका नवीनतम चिन्तन र आयाम थप्ने कार्य गरेको छ । पाठ्यक्रम निर्माणदेखि लिएर पाठ्यपुस्तक निर्माण, शैक्षिक सामग्री निर्माण, मूल्याङ्न प्रणाली तथा कक्षाकोठा व्यवस्थापनमा समेत सूचना र प्रविधिले महत्त्वपूर्ण स्थान लिएको छ । शिक्षक सक्षमताको प्रारूप २०७२ अनुसार शिक्षकका सक्षमताका रूपमा पनि सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सक्षमतालाई लिइएको छ । सिक्ने सिकाउने सन्दर्भमा विकसित नवीनत विधि, पद्धति तथा प्रविधिहरूलाई कुशलतापूर्वक उपयोग गर्न कक्षाकोठा व्यवस्थापन महत्त्वपूर्ण रहेको हुन्छ ।

## बहुभाषिक कक्षामा कक्षाकोठा व्यवस्थापनमा शिक्षकको भूमिका

कक्षाकोठा व्यवस्थापन भनेको प्रभावकारी र फलदायी सिकाइका लागि आवश्यक सबै तत्त्वहरूलाई व्यवस्थापन गर्ने कार्य हो । यो विद्यार्थीहरूलाई गतिविधिमा संलग्न गराउनका साथै उनीहरूको सामाजिक, भावनात्मक र नैतिक विकासका लागि शिक्षकद्वारा प्रयोग गरिने विभिन्न सीप र शिक्षण विधिहरूको संयोजन हो ।  बहुभाषिक कक्षाकोठा व्यवस्थापनमा शिक्षण–सिकाइ गतिविधिलाई प्रभावकारी र फलदायी बनाउन शिक्षकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्, जस्तैः  शिक्षक नियन्त्रकको रूपमा, शिक्षक आयोजकको रूपमा, शिक्षक सहयोगीको रूपमा आदि । यसरी, बहुभाषिक कक्षामा कक्षाकोठा व्यवस्थापनमा शिक्षकको भूमिका पत्ता लगाउने उद्देश्य रहेको छ ।

## नेपाली भाषाशिक्षण र कक्षाकोठा व्यवस्थापन

विभिन्न माध्यमबाट शिक्षण सिकाइका गतिविधि सञ्चालन हुने स्थान विशेषलाई कक्षा र त्यसको प्रबन्ध मिलाउने कार्यलाई कक्षा व्यवस्थापनका रूपमा लिइन्छ (रिमाल,२०७४) । कक्षाकोठा विद्यालयको

अभिन्न अङ्ग हो । कक्षाकोठा विद्यार्थीको महत्वपूर्ण वैयक्तिक र सामाजिक थलो हो जहाँ उनीहरूले आफूलाई सुरक्षित महसुस गरी आत्ममनोबलका साथ विना कुनै भेदभाव सिकाइको अवसर प्राप्त गर्दछन् । त्यसैले अरू विषयका सरह नेपाली भाषा शिक्षणका लागि पनि कक्षाकोठाको व्यवस्थापन बालमैत्री र सिकाइ वातावरण अनुकूल हुने गरी व्यवस्थापन गरिनु आवश्यक हुन्छ । यस्तो व्यवस्थापनमा दुव्यवहार र हिंसाको निषेध, शिक्षक विद्यार्थी उत्प्रेरणा र नैतिकता अभिवृद्धि, सामुदायिक चासो तथा सहभागितास्वास्थ्य र सुरक्षा जस्ता कुराको ख्याल गरिएको हुन्छ । कक्षाकोठा व्यवस्थापनका लागि सबै विद्यार्थीका व्यवहारमा एकरूपता, समानता, सिकाइका लागि अनुकूल सुरक्षित र स्वस्थ वातावरण विभेदमुक्त बालमैत्री व्यवहार जस्ता पक्ष महत्वपूर्ण रहन्छन् । उत्कृष्ट कक्षा व्यवस्थापनले शिक्षक विद्यार्थी दुवै थरी विद्यार्थीमा उत्प्रेरणा जागृत हुन गई कक्षा कोठाकोठाको वातावरण अन्तक्रियात्मक र सहभागितामूलक बन्न पुग्छ । सामान्यतः कक्षाकोठाका व्यवस्थापनमा अरुभन्दा भौतिक र शैक्षिक पक्ष महत्व हुन्छन् । नेपाली भाषा शिक्षणका सन्दर्भमा चाहिँ भाषिक विविधता तथा पछौटे पनको व्यवस्थापन पनि महत्त्वपूर्ण हुन्छ (शर्मा र पौडेल, २०७४) । विद्यालय तथा कक्षाको भौतिक पक्ष सम्बन्धित संस्थाका शिक्षक, विद्यार्थी, अभिभावक लगायत सरोकारवाला सबैको चासोको विषय हो । कक्षाकोठाको आकार, प्रकाश र त्यहाँको वातावरण, झ्याल ढोका तिनका आकार, प्रकृति समेत महत्वपूर्ण विषय बन्दछ । कक्षाकोठाको अवस्थिति मात्र नभई उक्त कोठामा अध्ययन गर्ने उमेर समूहका बालबालिका अनुसार डेस्क बेन्चको उचाइ, सेतापाटी वा इन्टरएटिभ बोर्ड राख्ने स्थान आदिले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले कक्षाकोठामा आवश्यक भौतिक सामग्री डेस्क, बेन्च, पुस्तक कुना तथा सामग्री थन्क्याउने, दराज तथा र्याक आदिलाई सुरक्षित र व्यवस्थित ढङ्गले व्यवस्थापन गर्नुका साथै कक्षाकोठाको रङ्रोगन, सरसफाइ पनि आकर्षक हुनु पर्दछ जसले गर्दा बालबालिकाले कक्षा कोठाभित्र आनन्दित महसुस गर्दै आफ्ना शैक्षिक क्रियाकलाप अगाडि बढाउन उत्प्रेरित हुन सकून । भाषा र साहित्य सम्बन्धित ख्याति प्राप्त व्यक्तिहरूका तस्विर मन छुने विद्यार्थीका सिर्जना समेतलाई कक्षाकोठाको बाहिर पट्टि राखेर सजावट गरी भाषाकक्षाको झल्को दिनु आवश्यक हुन्छ ।

**बहुभाषिक कक्षाको व्यवस्थापन**

हरेक भाषा शिक्षकले कक्षामा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन हुँदा आँखाको सम्पर्क, शारीरिक हाउभाउको उपयोग र विद्यार्थीका विविध गतिविधिको सामना गर्ने सिपको खोजी गर्नु पर्दछ । शिक्षक विद्यार्थीको निश्चित दुरी आवश्यक भए तापनि अन्तरक्रियात्मक सिकाइमा जोड दिनु पर्दछ । विषयवस्तुको प्रस्तुति गर्दा शिक्षक तथा विद्यार्थी दुवैका लागि उपयुक्त बोली र आवाजको उपयोग हुन आवश्यक छ । सिकाइमा प्रस्तुति, बोलाइमा तरिका, पढाइ कक्षामा भाषाका सबै सिपहरूको उपयोग र

कक्षा सञ्चालन तथा नियन्त्रणमा प्रभाव पारेको हुन्छ । शिक्षक तथा विद्यार्थी दुवैले कुनै प्रकारका भावनात्मक, सङ्केतात्मक, अरूलाई प्रभाव पार्ने, नकारात्मक अर्थ लाग्ने, कसैको स्वतन्त्रतामा आँच पुग्ने किसिमका अभिव्यक्तिको नियन्त्रण जरुरी हुन्छ ।

कक्षा व्यवस्थापनका बारेमा बोर्फी (सन् १९९६) ले गरेको एक अध्ययनमा कक्षालाई व्यवहारका माध्यमबाट नियन्त्रण गर्ने विचार व्यक्त गरेका छन् । उनले यस कार्यका लागि नियन्त्रित शैली र विचार अनुसारका शारीरिक अवस्थाका माध्यमबाट कक्षा नियन्त्रण गर्ने विचार अघि सारेका छन् । बहुभाषिक कक्षामा नेपाली भाषाशिक्षण गर्दा पनि कक्षाकोठाको व्यवस्थापनमा शिक्षक विद्यार्थी सहकार्यलाई विशेष जोड दिनु पर्ने कुरा अगाडि आउँछ । शिक्षार्थीको रूचिअनुसारको व्यवस्थापन गर्न सकेमा सिकाइ प्रभावकारी हुन्छ । कक्षाकोठाको वातावरण सिकाइ अनुकूल बनाउनका लागि कक्षाकोठा व्यवस्थापन महत्वपूर्ण पक्ष हो । यसका लागि निम्नानुसारको व्यवस्थापनमा जोड दिनु पर्दछ

***भौतिक व्यवस्थापन***

यसमा कक्षाकोठाको आकार प्रकार, उपयुक्त ठाउँमा उपयुक्त आकारको ढोका, पर्याप्त हावाको आवागमन हुने गरीको झ्यालको सङ्ख्या र आकार हुनु पर्छ । कक्षाकोठाको भित्ताको लिउन वा प्लास्टर सहत मिलेको सफा र चिल्लो हुनु पर्छ भने भुँइको सतह मिलेको र आकर्षक हुनु पर्दछ । असहज बसाइले सिकाइमा व्यवधान उत्पन्न गर्ने हुँदा कक्षामा विद्यार्थीको उमेर र विकासको गति ख्याल गरेर डेक्स र बेन्चको व्यवस्था गरिनु पर्दछ । कक्षाकोठाको अग्र भागको कुनै कुनामा शैक्षिक सामग्री सुरक्षित ढङ्गले भण्डारण गर्न दराजको व्यवस्था मिलाएमा अझ उपयुक्त मानिन्छ । शिक्षक विद्यार्थीको अवातजावतलाई सहज बनोस भनेर ठाउँ छोडाइ पनि मिलाउनु राम्रो हुन्छ । कक्षाकोठामा राखिएको सेतोपाटी सबैको पहँुचमा हुनु अभ्यासका लागि फलदायी हुन्छ । यसका साथै सरसफाइलाई पनि विशेष ख्याल गरिनु पर्दछ ।

***शैक्षिक/प्राज्ञिक व्यवस्थापन***

शिक्षक सिकाइका लागि अनुकूल वातावारण सिर्जना गर्न शैक्षिक÷प्राज्ञिक व्यवस्थापनमा ध्यन दिनु पर्दछ । यसका लागि पुस्तकालयको व्यवस्थापन गरिनु पर्दछ । कक्षाकोठामा विभिन्न स्तर भएका विद्यार्थीहरूको उपस्थिति रहेको हुन्छ । हरेक विद्यार्थीको शैक्षिक आवश्यकताको परिपूर्तिका लागि पुस्तकालयको व्यवस्था गर्नु राम्रो मानिन्छ । पुस्तकालयले ज्ञानको विस्तारका साथै भाषा र साहित्यको रचनाप्रति आकर्षण बढाइ कक्षामा शिक्षक नआएको समयमा पनि सदुपयोग हुन मदत पुग्छ । साथै वर्तमान समय सूचना तथा सञ्चार प्रविधिको समय भएका कारणले सञ्चारका अन्य उपायको व्यवस्थापन पनि गरिनु पर्दछ । शैक्षिक र प्राज्ञिक व्यवस्थापनभित्र अभिलेख व्यस्थापन र भित्ते पत्रिकाको सम्पादन र प्रकाशन समेत आउने गर्दछ । यसका लागि विद्यार्थीको उपलब्धि स्तरलाई वस्तुपरक रूपमा देखाउन अभिलेखको प्रबन्ध मिलाउनु पर्दछ ।

यसले विद्यार्थीलाई मात्रै नभई उनीहरूका अभिभावकलाई पनि आफ्ना बाबु नानीहरूको शिक्षण उपलब्धिको बारेमा यथार्थ जानकारी हुने हुँदा उपचारात्मक शिक्षणमा सहयोग पुग्ने हुन्छ । यसका साथै विद्यार्थीले सिर्जना गरेका रचनाहरू, कुनै महत्वपूर्ण सूचना, उत्कृष्ट कक्षाकार्य वा गृहकार्य आदिको सम्पादन गरेर प्रकाशन वा भित्ते पत्रिकामा निकाल्ने व्यवस्था गरिएमा उनीहरूमा आत्मप्रकाशनको शोख र सिर्जनाको शोख बढेर जान्छ ।

***मनोवैज्ञानिक व्यवस्थापन***

कक्षामा शिक्षक र सहपाठी विद्यार्थीहरूको व्यवहारले मनोविज्ञानमा सकारात्मक र नकारात्मक प्रभाव र असर पार्ने भएकाले यसको व्यवस्थापन गर्नु जरूरी हुन्छ । अझ विमातृभाषि विद्यार्थीहरूलाई नेपाली सिक्नु पर्दा वा नेपाली भाषामा कुराकानी गर्नुपर्दा आत्तिने, डराउने, हिच्किचाउने र भय पैदा हुने गर्दछ । यी कुराको व्यवस्थापन हुन सकेमा मात्रै बहुभाषिक कक्षामा प्रभावकारी ढङ्गले नेपाली भाषाशिक्षण हुने देखिन्छ । शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्न, कक्षा सहभागिता बढाउन, आपसमा सहयोगको भावना जागृत गराउन मनोवैज्ञानिक व्यवस्थापनको आवश्यकता पर्दछ । अरूको धारणप्रति ध्यान दिने, आफ्नो पालो पर्खने, अरूका लागि पनि समान समय र अवसर उपलब्ध गराउने गरेमा शिक्षकण सिकाइका लागि अनुकूल वातावरण बन्छ । सहयोगी भावनाको विकास हुने, उच्चता र  निचताको भावनाले अवसर नपाउने भएकाले बहुभाषिक कक्षामा मनोवैज्ञानिक व्यवस्थापन उपयुक्त मानिन्छ ।

***सामाजिक व्यवस्थापन***

हाम्रो समाजमा प्रसस्त सामाजिक विविधता छ । आदरका अनेक स्तर छन् । त्यस्तो विविधता र आदरको स्तरको व्यवस्थापनमा सामाजिक न्यायको सिद्धान्त अवलम्बन गर्नु पर्दछ । तँ, तिमी, तपाईँको व्यावहार यथाशक्य समान र औचित्यपूर्ण हुनु जरुरी छ । कक्षाकोठामा हरेकले हरेकलाई न्यायोचित सम्मान दिने गरी व्यवस्थापन गर्न सक्नुलाई सामाजिक व्यवस्थापन भनिन्छ । जान्ने–नजान्ने, छात्र–छात्रा सबैलाई समान अवसर उपलब्ध गराएर सामाजिक व्यवस्थापन गरी नेपाली भाषाशिक्षण गरेमा सिकाइ स्थायी र जीवनपर्यन्त हुने गर्दछ । सामाजिक विभेदले कक्षामा असर ग¥यो भने परस्परमा मतभेद बढ्छ । यसले एक किसिमको राम्रो वातावरण सिर्जना हुन्छ । कक्षामा सामाजिक व्यवस्थापन भयो भने द्वन्द्व व्यवस्थापन पनि स्वतः हुने हुँदा भाषाशिक्षकले बहुभाषिक कक्षामा सामाजिक व्यवस्थापन गरेमा भाषिक सिपको शिक्षणलाई फाइदा पुग्ने देखिन्छ ।

***भाषिक विविधताको व्यवस्थापन***

समभाषिक र विषमभाषिक पृष्ठभूमि भएका विद्यार्थी कक्षामा हुनु भाषिक विविधता हो । सम भाषिक पृष्ठभूमि भएकाहरू पनि भाषिक सम्पादनको क्षमतामा भिन्नता हुन्छ । नेपाली भाषाका थुप्रै भाषिका र उपभाषिका छन् । सम्बन्धित भाषिकाका विद्यार्थीको भाषा मानक भाषाभन्दा पर्याप्त भिन्न हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ भने विषम भाषिक पृष्ठभूमि भएका विद्यार्थीका भाषिक सम्पादन अपेक्षकृत तहभन्दा तल हुन्छ । उनीहरूको त्यस स्तरलाई सामान्यतया प्रदान गर्दै विशिष्टता दिनु आवश्यक छ । यो कार्य बिना व्यवस्थापन सम्भव हुँदैन । भाषिक व्यवस्थापनमा भाषिक पछौटे समूहको पनि व्यवस्थापन भएकोले के र कस्तो व्यवस्थापन गरेर शिक्षण गरेमा विद्यार्थीहरूले समान ढङ्गले सिकाइ उपलब्धि हासिल गर्दछन् भन्ने कुराको उजागर हुने गर्दछ ।

## निष्कर्ष

माथिको विश्लेषणबाट स्पष्ट हुन्छ कि बहुभाषिक कक्षाकोठामा नेपाली भाषाशिक्षण प्रभावकारी बनाउन कक्षाकोठा व्यवस्थापन अत्यन्त महत्वपूर्ण र अनिवार्य पक्ष हो । विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूको उपस्थितिले कक्षाकोठालाई जटिल र विविधतापूर्ण बनाउने भएकाले शिक्षकले योजनाबद्ध, लचिलो र सन्दर्भअनुकूल व्यवस्थापन रणनीति अपनाउन आवश्यक हुन्छ । शिक्षकको शारीरिक उपस्थिति, कक्षामा देखिने व्यवहार, हिँडडुल, उभिने तरिका तथा कक्षामा हुने गतिविधिप्रति देखाइने सजगता जस्ता पक्षहरूले सिकाइ वातावरण निर्माणमा प्रत्यक्ष प्रभाव पार्छन् । यसका साथै स्पष्ट र प्रभावकारी निर्देशन, कक्षामा अनुशासन कायम गर्ने उपायहरू तथा विद्यार्थीलाई केन्द्रमा राखेर गरिने क्रियाकलापहरू प्रभावकारी व्यवस्थापनका आधारभूत तत्वहरूका रूपमा देखिन्छन् । त्यसैगरी, बहुभाषिक कक्षामा व्यवस्थापन केवल अनुशासन कायम गर्ने प्रक्रियामा सीमित नभई समावेशी, सहभागितामूलक र सामाजिक न्याय उन्मुख अभ्यासका रूपमा विकसित हुनुपर्ने देखिन्छ। विद्यार्थीहरूको भाषिक विविधतालाई सम्मान गर्दै उनीहरूलाई सक्रिय रूपमा सिकाइ प्रक्रियामा सहभागी गराउनु, उनीहरूको मातृभाषिक पहिचानलाई स्वीकार गर्नु तथा समान अवसर प्रदान गर्नु प्रभावकारी कक्षाकोठा व्यवस्थापनका महत्वपूर्ण आयामहरू हुन् । यसर्थ, बहुभाषिक कक्षामा सफल नेपाली भाषाशिक्षणका लागि शिक्षकले व्यवहारवादी दृष्टिकोणद्वारा अनुशासन कायम गर्नुका साथै निर्माणवादी दृष्टिकोणअनुसार विद्यार्थी–केन्द्रित, अन्तरक्रियात्मक र समावेशी व्यवस्थापन पद्धति अवलम्बन गर्नु अपरिहार्य रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

विश्वविद्यालय अनुदान आयोगले प्रादन गरेको विद्यावारिधि विद्वतवत्तिका कारण प्रस्तुत लेख प्रकाशनमा सहयोग मिलेकोले अनुदान अयोगलाई धन्यवाद दिन चाहन्छु

## सन्दर्भसामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान*, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र राई, विष्णुसिंह (२०६६), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि शिक्षक निर्देशन,* शिक्षा विभाग ।

ओझा, रामनाथ (२०८१), *प्रायोगिक भाषाविज्ञान,* करुधारा पब्लिकेस, प्रा.लि. ।

कानुन किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान*।

ढकाल, शान्तिप्रसाद (२०८०), *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग,* पिनाकल पब्लिकेसन, प्रा.लि.।

रिमाल, डिल्लीराम (२०७४*), सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको विश्लेषण,* हिमालय प्रिन्टिङ्ग अफसेट प्रेस ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थीपुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०७१), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* मकालु प्रकाशन गृह ।

Kreijsler, J. B., & Moos, L. (2008). *Klasseledelse – magtkampe i praksis, pædagogik og politikk* [Classroom management – Power struggles in practice, pedagogy and policy]. Frederikshavn, Denmark: Dafolo.

Garcia, J. (2011). *Pedagogy for the multilingual classroom interpreting education*. Auckland, New Zealand: Auckland University Press.

Todeva, G., & Cenoz, L. (2009). *Research perspectives on multilingualism*. Cambridge, England: Cambridge University Press.

Doyle, W. (1986). Classroom organization and management. In M. Wittrock (Ed.), *Handbook of research on teaching* (3rd ed., pp. 392–431). London, England: Macmillan.

Duke, E. (1984). *Teaching as professional development*. New York, NY: Longman.

Nordenbo, S. E., Larsen, M. S., Tiftikci, N., Wendt, R., Østergaard, S., & Kunnskaps departementet. (2008). *Lærerkompetanser og elevers læring i barnehage og skole: Et systematisk review utført for Kunnskapsdepartementet* [Teacher competences and pupils' learning in day care and school: A systematic review carried out for the Ministry of Education] (2nd ed.). Copenhagen, Denmark: Danmarks Pædagogiske Universitetsforlag and Dansk Clearinghouse for Uddannelsesforskning

Friedman, I. A. (2006). Classroom management and teacher stress and burnout. In C. Evertson & C. Weinstein (Eds.), *The handbook of classroom management* (pp. 925–944). Mahwah, NJ: Lawrence Erlbaum.

Bloomfield, L. (1933). *Language*. New York, NY: Holt.

Brekelmans, M., Sleegers, P., & Fraser, B. (2000). Teaching for active learning. In P. R. J. Simons, J. L. van der Linden, & T. Duffy (Eds.), *New learning* (pp. 227–242). Dordrecht, Netherlands: Kluwer.

Brok, P. den, Brekelmans, M., & Wubbels, T. (2004). Interpersonal teacher behaviour and student outcomes. *School Effectiveness and School Improvement, 15*(3–4), 407–442.

Brown, R. (1937). *A first language: The early stages*. Cambridge, MA: Harvard University Press.

European Commission. (2015). *Multilingual education: Education policy of Europe*.

Stronge, J. H., Ward, T. H., & Grant, L. W. (2011). What makes good teachers good? A cross-case analysis of the connection between teacher effectiveness and student achievement. *Journal of Teacher Education, 62*(4), 339–355. https://doi.org/10.1177/002248711140 4241

Hattie, J. (2009). *Visible learning: A synthesis of over 800 meta-analyses relating to achievement*. Abingdon, England: Routledge.